# राष्ट्रिय झण्डा प्रयोग सम्बन्धी सूचना

कुनैपनि औपचारिक कार्यक्रमहरु संचालन गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्ने सम्बन्धमा नेपालको संविधान तथा राष्ट्रिय झण्डा र राष्ट्रिय गानको प्रयोग सम्बन्धी कार्यविधि, (प्रथम संशोधन समेत) २०६९ मा निम्नानुसार व्यवस्था भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

## नेपालको राष्ट्रिय झण्डा

नेपालको संविधान, २०७२ को धारा ८ मा उल्लेख भए बमोजिम सिम्रिक रंगको भुइँ र गाढा नीलो रंगको किनारा भएको दुई त्रिकोण अलिकति जोडिएको, माथिल्लो भागमा खुर्पे चन्द्रको बीचमा *सोह्रमा आठ कोण देखिने* सेतो आकार र तल्लो भागमा *बाह्र कोणयुक्त* सूर्यको सेतो आकार अंकित भएको परम्परागत झण्डा नेपालको राष्ट्रिय झण्डा हो ।

## राष्ट्रिय झण्डाको आकार प्रयोग

१. संबैधानिक निकाय तथा सरकारी कार्यालयहरुले प्रयोग गर्ने झण्डाको आकार ८x६ फिट

२. नेपाल सरकारको पुर्ण वा आंशिक स्वामित्वमा रहेका संघ वा संस्थाले प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ६x४ फिट

३. संबैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको कार्यकक्ष, गैर सरकारी संघसंस्था तथा नेपाली नागरिकले व्यक्तिगत रुपमा प्रयोग गर्ने राष्ट्रिय झण्डाको आकार ४x३ फिट

४. संबैधानिक निकाय तथा सरकारी कार्यालय प्रमुखको टेबुलमा र विशिष्ट व्यक्तिहरुले प्रयोग गर्ने सवारी साधनमा राखिने राष्ट्रिय झण्डाको आकार ३०x२० सेन्टिमिटर

५. नेपाली नागरिकले राष्ट्रिय उत्सव/महोत्सवहरुमा ३०x२० सेन्टिमिटर आकारको झण्डा हात हातमा लिएर हिड्न सक्नेछन् ।

६. राष्ट्रिय पर्व, राष्ट्रप्रमुख वा सरकार प्रमुखको औपचारिक भ्रमण तथा समकक्षी विदेशी पाहुनाहरुको सवारीका बखत तोकिए बमोजिमको सडकको दायाँ बायाँ र चोकमा फहराइने झण्डाको आकार ३x२.५ फिट

७. नेपाली नागरिकले बुँदा नं. ३ मा उल्लेख भए अनुसारका अतिरिक्त बुँदा नं. ६ मा उल्लेख भए बमोजिमको राष्ट्रिय झण्डाको समेत प्रयोग गर्न सक्नेछन् ।

लम्बाइ ८ फिट



चौडाइ ६ फिट

लम्बाइ ६ फिट



चौडाइ ४ फिट

लम्बाइ ३ फिट



चौडाइ २.५ फिट

लम्बाइ ४ फिट



चौडाइ ३ फिट

लम्बाइ ३० सेन्टिमिटर



चौडाइ २० सेन्टिमिटर